# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/८४

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१७ औँ नगरसभाको दोस्रो बैठकमा

नगर उप-प्रमुख श्री शारदा देवी रोकायाज्यूबाट प्रस्तुत

आर्थिक वर्ष २०८३/८४ को बजेट

# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**२०८३ आषाढ १०**

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

गोदावरी नगरपालिका

१७ औँ नगरसभाको बन्द सत्रको दोस्रो बैठक

गोदावरी नगरपालिकाको १७ औँ नगरसभाको बन्द सत्रको दोस्रो बैठकमा उपस्थित गोदावरी नगरपालिकाका नगर सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सदस्यज्यूहरू, नगरपालिकाका कर्मचारी मित्रहरू, नगर प्रहरी लगायत अन्य उपस्थित महानुभावहरू ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका जनयुद्ध, जेन्जी आन्दोलन सहित विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु ।

नगरसभाका अध्यक्षज्यू,

उपलब्ध विविध साधन-स्रोत, संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयस्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरवासीहरूको न्यानो साथ एवं विभिन्न दातृ संघ-संस्था तथा निकायसँगको सहकार्यमा नगरवासीले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई इमानदारीका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

नेपालको संविधानको धारा २३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गोदावरी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट पेश गर्न अनुमति चाहन्छु ।

नगरसभाका सदस्यज्यूहरू,

गोदावरी नगरपालिकाले आगामी आ.व. २०८३/८४ को वार्षिक बजेट तर्जुमा गर्दा लिएका प्रमुख आधारहरू निम्न अनुसार रहेको जानकारी गराउन चाहन्छु:

- गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम,

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरू,
- गोदावरी नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- संघीय र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका परिपत्र, नीति, कानुन र मापदण्डहरू,
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त विभिन्न मार्गदर्शनहरू,
- १६ औँ योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरू,
- सन् २०३० सम्म पूरा गर्नुपर्ने दिगो विकासका लक्ष्यहरू,
- अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेका विषयगत क्षेत्रका प्रतिबद्धताहरू,
- गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम,
- नगरपालिकाका विषयगत समितिबाट प्राप्त सुझावहरू,
- वडा तहबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरू ।

आदरणीय नगरसभाका सदस्यज्यूहरू,

अब म गत आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ मा देहायका स्रोतहरूबाट रु. १ अर्ब १४ करोड ५ लाख ५५ हजार २ सय ८२ रुपैयाँ ४२ पैसा राजस्व प्राप्त भएको थियो:

- संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण: रु. ६२ करोड ३२ लाख ५२ हजार ९ सय ७८ रुपैयाँ ८५ पैसा मात्र
- प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण: रु. ३ करोड ७० लाख ४८ हजार ४ सय ८ रुपैयाँ मात्र
- राजस्व बाँडफाँटबाट प्राप्त: रु. २३ करोड ९३ लाख २२ हजार ६ सय ६० रुपैयाँ ४० पैसा मात्र
- आन्तरिक स्रोतबाट प्राप्त: रु. २४ करोड ९ लाख ३१ हजार २ सय ३५ रुपैयाँ १७ पैसा मात्र

नगरसभाका अध्यक्षज्यू,

अब म चालु आर्थिक वर्ष २०८२/८३ को आम्दानी तथा खर्चको संशोधित अनुमान पेस गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८२/८३ को संशोधित बजेट रु. १ अर्ब २६ करोड ५३ लाख ५६ हजार मात्र रहेको छ। संशोधित आम्दानी र खर्च देहाय बमोजिम रहेको छ:

आम्दानीतर्फ:

- संघीय वित्तीय हस्तान्तरणबाट: रु. ६७ करोड ५४ लाख मात्र
- प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट: रु. ६ करोड २९ लाख मात्र
- राजस्व बाँडफाँटबाट: रु. 26 करोड १२ लाख ५ हजार ७ सय ६८ रुपैयाँ मात्र
- आन्तरिक स्रोतबाट: रु. 26 करोड ५८ लाख ५० हजार २ सय ३२ रुपैयाँ मात्र प्राप्त हुने अनुमान रहेको छ।

खर्चतर्फ:

- आर्थिक विकास क्षेत्रमा: रु. ६ करोड ६७ लाख ७८ हजार १ सय ७८ रुपैयाँ मात्र
- सामाजिक विकास क्षेत्रमा: रु. ६० करोड ७६ लाख ४५ हजार २ सय ५७ रुपैयाँ मात्र
- पूर्वाधार विकास क्षेत्रमा: रु. २७ करोड ८८ लाख १८ हजार ६ सय १० रुपैयाँ मात्र
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा: रु. ८४ लाख ५५ हजार ७ सय ३६ रुपैयाँ मात्र
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा: रु. ३० करोड ३६ लाख ५८ हजार २ सय १९ रुपैयाँ मात्र खर्च हुने अनुमान रहेको छ ।

नगरसभाका सदस्यज्यूहरू,

मिति २०८३ असार ४ गतेसम्म संघीय सरकारबाट प्राप्त अनुदान रु. ६५ करोड २७ लाख ६२ हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट रु. २ करोड ५० लाख ९२ हजार ७ सय त्रिचालिस, राजस्व बाँडफाँटबाट रु. २१ करोड १० लाख ९६ हजार ५ सय चालिस, र आन्तरिक आय (बैंक मौज्दात समेत) बाट रु. २१ करोड ५७ लाख ७३ हजार ९ सय ९८ गरी जम्मा रु. १ अर्ब १० करोड ४७ लाख २५ हजार २ सय ८१ अर्थात् ८५.३२ प्रतिशत आम्दानी प्राप्त हुन आएको छ।

त्यसै गरी, चालु आर्थिक वर्ष २०८२/८३ को व्ययतर्फ २०८३ असार ३ गतेसम्म चालुतर्फ रु. ५९ करोड ८ लाख ५३ हजार २ सय ३८ (७२.३६%) र पूँजीगततर्फ रु. २१ करोड ३५

लाख २५ हजार ५ सय २६ (४४.६५%) गरी जम्मा रु. ८० करोड ४३ लाख ७८ हजार ७ सय ६४ अर्थात् ६२.१२ प्रतिशत खर्च भएको छ ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अब म चालु आर्थिक वर्ष २०८२/८३ का मुख्य-मुख्य उपलब्धिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) भौतिक पूर्वाधार विकासतर्फ

- गोदावरी नगरपालिका वडा नं. ३ र १० को वृहत् खानेपानी आयोजनाहरू सञ्चालनका लागि अन्तिम चरणमा रहेका छन् भने वडा नं. ९ सेहरीको खानेपानी आयोजना निर्माणका लागि खरिद सम्झौता भइसकेको छ ।
- करिब साढे ६ किलोमिटर लम्बाइ रहेको बासकोटा रिङरोड सडक कालोपत्रे निर्माण योजनाको बेसको कार्य अन्तिम चरणमा रहेको छ । जोनापुर फास्ट ट्र्याक जोड्ने सडक कालोपत्रेको खरिद सम्झौता भई निर्माण कार्य सुरु भइसकेको छ ।
- अत्तरिया चौराहामा सुदूरपश्चिममै पहिलोपटक आकाशे पुल निर्माणका लागि खरिद सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको छ र आगामी आ.व. मा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- गोदावरी नगरपालिकाका नवज्योति, ग्वासी, घण्टेश्वर र दुर्गाभवानी विद्यालयमा चारकोठे पक्की भवन निर्माण सम्पन्न भएका छन् ।
- चालु आ.व. मा करिब ७ कि.मी. सडक कालोपत्रे निर्माण सम्पन्न भएको छ ।
- नगर सडकको नियमित मर्मत तथा स्तरोन्नतिका लागि आवश्यकता अनुसार १२ वटै वडामा गरी जम्मा करिब ११ कि.मी. सडक ग्राभेल गरिएको छ । सडक बोर्डसँगको साझेदारीमा ९ कि.मी. सडक स्तरोन्नति गरिएको छ भने नगरका विभिन्न ठाउँमा २.५ कि.मी. पक्की नाली निर्माण सम्पन्न भएको छ ।
- विपद् जोखिम न्यूनीकरणका लागि विभिन्न खोलाहरूमा करिब १ किलोमिटर तटबन्धन निर्माण सम्पन्न भएका छन् ।
- नदीजन्य पदार्थ बिक्री शुल्क संकलन कार्य खुला बोलपत्र आह्वान मार्फत भई असार १ गतेसम्म ४ करोड ७५ लाख राजस्व संकलन भएको छ ।

- गोदावरी नगरपालिका वडा नं. १२ को वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।
- गोदावरी नगरपालिकाको आगामी ५ वर्षका लागि प्रथम आवधिक योजना (२०७९/८० — २०८३/८४) तयार भई कार्यान्वयनमा आएको छ भने गोदावरी नगरपालिकाको मध्यमकालीन खर्च संरचना २०८३/८४ तयार भएको छ ।
- भवन निर्माणको आधुनिक प्रविधि अन्तर्गत eBPS सफ्टवेयरबाट घरनक्सा पासको तथ्याङ्क राख्ने तथा फाराम भर्ने गरिएको छ । चालु आ.व. (असार २ गतेसम्म) मा इजाजत पत्र २३९, स्थायी इजाजत १४८, आंशिक निर्माण सम्पन्न २९ वटा, निर्माण सम्पन्न १२९ वटा र ४२ वटा अभिलेखीकरण सम्पन्न भएको छ ।

(ख) सामाजिक विकास क्षेत्र

१. स्वास्थ्यतर्फ

- आम नागरिकको स्वास्थ्य सेवाको मौलिक अधिकारको सुनिश्चितता गर्न आधारभूत अस्पताल र स्वास्थ्य सेवा केन्द्रहरूबाट २,४१,५९९ जनाले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।
- विभिन्न सरुवा रोगहरूबाट बचाउन ५ वर्षमुनिका १२,२१९ बालबालिकाले १४ किसिमका खोपहरू पाएका छन् ।
- १०७ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ७७,१७६ जनालाई जनस्वास्थ्य सेवा प्रदान गरेका छन् ।
- विद्यालय नर्स कार्यक्रमबाट १७,७१२ जना किशोर-किशोरीहरू लाभान्वित भएका छन् ।
- गोदावरी नगरपालिकाभित्रका ५६० जनाले निःशुल्क एम्बुलेन्स सेवा पाएका छन् ।
- ५ वर्षमुनिका ३८ जना कडा कुपोषण भएका बालबालिकाहरूलाई सुपोषित गरिएको छ ।
- २ वर्षमुनिका १,२८५ बालबालिकाको १२,२९० पटक वृद्धि अनुगमन गरिएको छ ।
- यस आ.व. मा १,६६४ जना गर्भवती महिलाहरूले जाँच सेवा प्राप्त गरेका छन् ।
- ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम मार्फत ९०९ जना गर्भवती महिलाहरूले निःशुल्क अल्ट्रासाउन्ड सेवा प्राप्त गरेका छन् ।

- यस आ.व. मा ४७५ जना सुत्केरी महिलाहरूले न्यानो झोला र जनही रु. १,५०० बराबरको पोषण कोसेली प्राप्त गरेका छन् भने आमा सुरक्षा कार्यक्रम मार्फत रु. १,८०० गर्भवती उत्प्रेरणा र यातायात रकम प्राप्त गरेका छन् ।
- १० वर्षका १,२५० जना किशोरीहरूले पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सेवा प्राप्त गरेका छन् ।
- ७६४ जना सुत्केरीहरूलाई घरमै गई प्रत्येक आमा र नवशिशुलाई ४ पटक सुत्केरी जाँच गरिएको छ ।
- निःशुल्क सुरक्षित गर्भपतन सेवा १,७८८ जनाले पाएका छन् ।
- प्रजनन् स्वास्थ्य शिविरबाट १,५५० जनाले सेवा लिएका छन् र ८९ जनाको पालिकाबाट व्यवस्थापन गरिनुका साथै २२ जनालाई शल्यक्रियाका लागि प्रेषण गरिएको छ ।
- ९,५३२ जनालाई परिवार नियोजनका अस्थायी साधन र १६ जनालाई बन्ध्याकरण सेवा प्रदान गरिएको छ ।
- क्षयरोग नियन्त्रण कार्यक्रमबाट १५३ जनालाई निःशुल्क उपचार गरिएको छ ।
- औलो नियन्त्रण कार्यक्रम मार्फत २४ जनालाई निःशुल्क उपचार गरिएको छ ।
- यौनरोग नियन्त्रण कार्यक्रम मार्फत १३४ जना एड्सका बिरामीलाई उपचारमा निरन्तरता दिँदै १६ जना नयाँ बिरामी पत्ता लगाई उपचारमा ल्याइएको छ ।
- १,५८८ जना महिलाहरूको PMTCT जाँच गरिएको छ ।
- ११,९०२ जना नसर्ने रोगका बिरामीहरूलाई वर्षभरि निःशुल्क आधारभूत औषधि उपलब्ध गराइएको छ ।
- ४४ जना मानसिक रोगका पुराना बिरामीहरूलाई उपचार गरिएको छ र थप ५३ जना नयाँ केसहरू सेवामा समावेश गरिएको छ ।
- स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका बस्तीहरूमा नसर्ने रोगको शिविर सञ्चालन गरी २,४३९ जनालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- सिकलसेलको शीघ्र पहिचान गर्न चौधरी तथा रानाथारु बस्तीमा शिविर सञ्चालन गरी ९४३ जनाको परीक्षण गरिएको छ ।
- ८३,७३५ जना सेवाग्राहीहरूले प्रयोगशाला सेवा लिएका छन् ।
- आँखा शिविरबाट २,६६५ जनाले सेवा पाएका छन् ।

२. महिला तथा बालबालिकातर्फ

- सबै वडाहरूमा बालभेला तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको, जसमा ३७६ जना बालबालिकाको सहभागिता रहेको छ ।
- दिवसिय कार्यक्रम अन्तर्गत लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा विद्यालयहरूमा सचेतना अभिवृद्धिका लागि जनचेतनामूलक सडक नाटक कार्यक्रम सञ्चालन भएको छ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम नगरपालिका र वडा स्तरमा स्थानीय समिति गठनका साथै बालमैत्री स्थानीय शासनका सूचकबारे समितिका सदस्यहरूलाई जानकारी गराइएको छ।
- सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ ।
- ज्येष्ठ नागरिक दिवा सेवा सञ्चालन र व्यवस्थापनका लागि आर्थिक सहयोग गरिएको छ ।
- महिला तथा बालबालिका 'सेफ हाउस' सञ्चालन गरी हिंसा पीडित महिलाहरूलाई न्याय नपाउन्जेलसम्म संरक्षण र पुनःस्थापनाका साथै अनाथ तथा असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, सम्वर्द्धन, पालनपोषण र व्यवस्थापनका लागि सहयोग गरिएको छ ।
- लैङ्गिक हिंसा निवारण कोष मार्फत हिंसा पीडितलाई औषधि उपचार, बास खर्च, खाना खर्च र सीपमूलक कार्यक्रममा अनुदान उपलब्ध गराइएको छ ।
- विद्यालय स्तर र समुदाय स्तरमा बालक्लब गठन गरी बाल विकासका चार आयाम (बाल विकास, बाल सहभागिता, बाल संरक्षण र बाल बचाउ) मार्फत बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्द्धनमा सहयोग पुऱ्याइएको छ ।
- विषयगत समितिको बैठक र अनुगमन मार्फत अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सहज बनाउनुका साथै कार्यालयसम्म आउन नसक्ने अपाङ्गता भएका व्यक्तिहरूलाई घरदैलोमै परिचयपत्र वितरण गरिएको छ ।
- दृष्टि फाउन्डेसन कैलालीको व्यवस्थापनका लागि आर्थिक सहयोग गरिएको छ ।
- हालसम्म ३२ वटा वैधानिक बालक्लब दर्ता गरी प्रमाणपत्र वितरण गरिएको छ ।

- अपाङ्गता भएका बालबालिकाहरूलाई नगरपालिकाको समन्वय र सहजीकरणमा ’निड्स नेपाल’ को आर्थिक सहयोगमा शिक्षातर्फ २५ जना बालबालिकाहरूलाई प्रतिव्यक्ति रु. ५,००० का दरले नगद सहयोग गरिएको छ ।
- नगर स्तरीय बालभेला तथा नगर स्तरीय बालसञ्जाल पुनर्गठन कार्यक्रम नगरपालिकाको समन्वय र सहजीकरणमा ’निड्स नेपाल’ र सामुदायिक विकास केन्द्रको आर्थिक सहयोगमा सम्पन्न गरिएको छ ।
- बेवारिसे अवस्थामा भेटिएका २ जना बालक र १ जना बालिकालाई स्वास्थ्य, संरक्षण र पालनपोषणका लागि सिफारिस गरी सिविन नेपाल बाल हेल्पलाइनमा पठाइएको छ ।
- अन्तर्राष्ट्रिय बाल दिवस भव्य रूपमा सम्पन्न गरी विभिन्न सांस्कृतिक कार्यक्रम, पुरस्कार वितरण र सम्मान कार्यक्रममा २०० जनाको सहभागिता रहेको थियो । साथै समैजी, नवज्योति र दुर्गाभवानी मा.वि. मा आयोजित बालभेला अन्तरक्रिया कार्यक्रममा १३२ जनाको सहभागिता रहेको थियो ।
- बालबालिकाको संरक्षण र सम्वर्द्धन गर्न रु. १,००,००० को बालकोष स्थापना गरिएको छ ।
- लैङ्गिक तथा प्रजनन स्वास्थ्य, सरसफाइ र परामर्श कार्यक्रम अन्तर्गत आमा समूहका ६० जना पदाधिकारीहरूलाई प्रजनन हक अधिकार, प्रजनन स्वास्थ्य समस्या भएमा अस्पताल जाने संख्यामा वृद्धि गर्ने र महिला-पुरुष मिलेर काम गर्ने विभेदरहित वातावरण सिर्जना गर्न सचेत गराइएको छ ।
- गोदावरी ज्येष्ठ नागरिक समाजद्वारा ज्येष्ठ नागरिक दिवा सेवा सुचारु रूपमा सञ्चालन गरी सबै ज्येष्ठ नागरिकहरू मिली मनका भावना आदानप्रदान गर्ने तथा भजनकीर्तन गर्ने व्यवस्था मिलाइएको छ ।

३. शिक्षातर्फ

- गोदावरी नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा आवश्यक न्यूनतम शिक्षक व्यवस्थापन गर्न विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान गरिएको छ ।
- ’एक वडा एक नमुना विद्यालय’ अन्तर्गत श्री नवज्योति मा.वि. (गो.न.पा.-३, मालाखेती) मा नमुना विद्यालयका लागि कार्यक्रम सञ्चालन हुने क्रममा छ । साथै श्री दुर्गाभवानी

मा.वि. (गो.न.पा.-७, हरैया) र समैजी मा.वि. (गो.न.पा.-८, मजगाउँ) मा ICT व्यवस्थापनको प्रक्रिया अघि बढेको छ ।

- गोदावरी नगरपालिका अन्तर्गतका १३ वटा सामुदायिक विद्यालयहरूमा Smart Digital शिक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- आधारभूत तह (कक्षा ८) को नगर स्तरीय परीक्षालाई थप व्यवस्थित गरी आधारभूत तह (कक्षा ५) को समेत नगर स्तरीय परीक्षा सञ्चालन गरिएको छ । परीक्षालाई वस्तुनिष्ठ एवम् विश्वसनीय बनाउन नगरपालिकामै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।
- सामुदायिक विद्यालयको कक्षा ८ र SEE परीक्षाको आ.व. २०८०/८१, २०८१/८२ र २०८२/८३ को तीन वर्षको नतिजा विश्लेषण गरिएको छ ।
- खेलाडी विद्यार्थीहरूको खेलकौशल विकास गर्न नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । नगरका विजेता खेलाडीहरूलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता गराई जिल्लामा तेस्रो स्थान हासिल गरिएको छ ।
- उत्कृष्ट सिकाइ उपलब्धिका आधारमा शिक्षकहरूलाई पुरस्कार प्रदान गरिएको छ ।
- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको उपस्थिति नियमनका लागि सामुदायिक माध्यमिक विद्यालयहरूमा ई-हाजिरी जडान गरिएको छ ।
- सामुदायिक आधारभूत तथा मा.वि. तहका विद्यालयका IT Focal Person हरूका लागि ५ दिने IT तालिम सम्पन्न गरिएको छ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूमा IEMIS सम्बन्धी काम गर्ने शिक्षक/कर्मचारीका लागि IEMIS सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ ।
- गोदावरी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत संघीय अनुदानका शिक्षकहरूलाई समेत कर्मचारी कल्याणकारी कोषमा आबद्ध गरिएको छ ।
- युवाहरूलाई खोज-अनुसन्धानका लागि प्रोत्साहित गर्न नवप्रवर्तन तथा अध्ययन-अनुसन्धान सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।
- बालविकास सहजकर्ताहरूको क्षमता अभिवृद्धिका लागि सामुदायिक विद्यालयका सबै बालविकास सहजकर्ताहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिएको छ ।

- गोदावरी नगरपालिकाको पहिचानका लागि 'गोदावरी नगर गान' तयारीको क्रममा रहेको छ ।

(ग) आर्थिक विकास

१. भूमि सेवातर्फ

- भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरूको तथ्याङ्क संकलन गरी अनलाइन प्रविष्ट गर्ने कार्य भइरहेको छ।
- सबै वडामा जम्मा २,२५९.३४ हेक्टर जमिन नापी भएको छ, जस अन्तर्गत २४,०४१ कित्ता रहेका छन् ।
- नापनक्सा भएका अव्यवस्थित बसोवासीको संख्या १८,५७६ र भूमिहीन दलित परिवार तथा भूमिहीन सुकुम्बासीको संख्या ३,१०६ पुगेको छ। नापनक्सा गरिएको अव्यवस्थित परिवार संख्या १७,८६४ रहेको छ ।
- सबै वडामा नापनक्सा कार्य सम्पन्न भइसकेको छ (वडा नं. 9, ११ र १२ का केही क्षेत्रमा मुचुल्का उठाउन बाँकी रहेको छ) ।
- भू-उपयोग वर्गीकरण गर्ने कैलाली जिल्लाकै पहिलो पालिकाको रूपमा गोदावरी नगरपालिका रहेको छ । लगत संकलन फारामतर्फ हालसम्म लगत संकलन भएका अव्यवस्थित परिवार संख्या १७,८५२, भूमिहीन दलित १,४१५, र सुकुम्बासी परिवार संख्या १,५१० रहेको छ भने प्रणालीमा प्रविष्ट भएका भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित परिवारको कुल संख्या १८,६८० पुगेको छ ।

२. पशु सेवातर्फ

- गोदावरी नगरपालिका पशु सेवा शाखाले हालसम्म ११,२०३ वटा पशुहरूलाई मेडिकल उपचार सेवा, १,९७३ वटा पशुहरूलाई माइनर सर्जिकल उपचार सेवा, १,३६५ वटा पशुहरूलाई गाइनोकोलोजिकल उपचार सेवा प्रदान गरेको छ । प्रयोगशाला सेवा अन्तर्गत ४८९ वटा गोबर परीक्षण र १०९ वटा दूध परीक्षण सम्पन्न गरिएको छ ।
- २,०३३ वटा गाई/भैँसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ ।

- गोदावरी नगरपालिकाका १२ वटै वडाहरूका टोलटोलमा गई २,५८० वटा घरपालुवा तथा सामुदायिक छाडा कुकुर र बिरालाहरूलाई रेबिज रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ ।
- नगरपालिका अन्तर्गतका कुखुरा फार्म/समूह/कुखुरापालक ४१ जना कृषकहरूलाई स्थानीय तथा ग्रामीण (न्यूहेम्पसायर, ब्ल्याक अस्ट्रोलप) ८ हप्ताका २,००० गोटा कुखुरा निःशुल्क रूपमा वितरण गरिएको छ ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढी, कैलालीसँग समन्वय गरी पशु सेवा शाखाको प्राविधिक सहयोगमा ३०,००० गोटा बाख्राहरूमा निःशुल्क पि.पि.आर. रोग विरुद्धको खोप, ३,००० वटा बंगुरहरूमा Swine Fever रोग विरुद्धको भ्याक्सिन र २०,००० पशुहरूमा खुरफाट्टा (FMD) रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ ।
- वडा नं. ४ को फूलबस्ती, पट्रेनी, दामदरे, तखरे र सिमलगैरा क्षेत्रमा १/१ दिन गरी २ पटक परजीवी नियन्त्रण तथा बन्ध्याकरण शिविर सञ्चालन गरिएको छ ।
- मासुका लागि पाडा पालन कार्यक्रम अन्तर्गत ५० प्रतिशतको लागत साझेदारीमा ३ वटा व्यावसायिक भैँसीपालन फार्मले २७ वटा पाडा खरिद गरी पालन गरिरहेका छन् ।
- पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत २ दिनसम्म अत्तरिया बजार क्षेत्रमा सञ्चालनमा रहेका ३८ वटा मासु पसलहरूको अनुगमन तथा निरीक्षण गरिएको छ ।
- पशु सेवा शाखाको आयोजनामा ५ जना गणक (भेटेरिनरी स्वयम्सेवक) परिचालन गरी ३ चरणमा १२ वटै वडाहरूमा पशुपन्छी तथ्याङ्क संकलन गरी अभिलेखीकरण गर्ने कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

३. उद्यम विकासतर्फ

- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत यस आ.व. २०८२/८३ मा वडा नं. ६ र ८ का ६० जना महिलाहरूलाई उद्यमशीलता विकास तालिम, उनीहरूको आवश्यकता पहिचानका आधारमा सीप विकास तालिम, प्रविधि हस्तान्तरण, बजारीकरण तथा वित्तीय सेवामा पहुँचका लागि वित्तीय संस्थाहरूसँग समन्वय गराइएको छ । हाल दुनाटपरीमा ३० जना, ढकियामा १५ जना र चप्पल

व्यवसायमा १५ जना महिलाहरू व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गरिरहेका छन् ।

- 'गरिबसँग बिसेश्वर' कार्यक्रम अन्तर्गत समूहका २७ जना महिलाहरूलाई लेखा व्यवस्थापन तालिम प्रदान गरी उनीहरूलाई लेखा सम्बन्धी सामान्य जानकारी गराउनुका साथै क्षमता अभिवृद्धि गरिएको छ ।
- सोही कार्यक्रम अन्तर्गत ९ वटा समूहका १८ जना गरिब तथा विपन्न व्यक्तिहरूलाई बाख्रा वितरण गरी आयआर्जनमा वृद्धि गरिएको छ ।
- उपभोक्ता हित संरक्षण कार्यक्रमतर्फ अत्तरिया बजार र गेटा बजार अनुगमन गरी रु. ९०,३८० बराबरको अखाद्य सामग्री जफत गरी नष्ट गर्नुका साथै उद्योगी/व्यवसायीहरूलाई मौखिक रूपमा सचेत गराइएको छ ।
- तीनपाङ्ग्रे सवारी साधन २१५ वटा दर्ता/नवीकरण भएको र हाल पनि दर्ता/नवीकरण प्रक्रिया नियमित सुचारु रही सेवाग्राहीले पूर्ण रूपमा लाभ लिइरहेका छन् ।

४. रोजगार सेवा केन्द्रतर्फ

- रोजगार सेवा केन्द्रको समन्वय र विभिन्न सरोकारवाला संघ-संस्थाको सहकार्यमा १५० जना बेरोजगार युवा-युवतीहरूले विभिन्न सीपमुलक तालिम (कफी/बारिस्टा बनाउने, बेकरी तालिम, मोबाइल मर्मत, ए.सी. तथा रेफ्रिजरेटर मर्मत, आफ्नो व्यवसाय सुरु तथा सुधार तालिम, व्यवसायको औपचारिकीकरण तालिम, हाउसकिपिङ तालिम र डल कुसन बनाउने तालिम) मार्फत आफ्नो सीप तथा क्षमता अभिवृद्धि गरेका छन् ।
- निजी क्षेत्रसँगको समन्वयमा बजारको मागमा आधारित तालिम सञ्चालन गरी रोजगारीमा पदस्थापनाका लागि समन्वय र सहजीकरण गरिएको छ । रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिहरू बिच समन्वय गरी स्थानीय बजारमा रोजगारी पदस्थापनाका लागि सहजीकरण गरिएको छ ।
- ६६ जना व्यक्तिहरूले पुनः श्रम स्वीकृति पालिकाबाटै प्राप्त गरेका छन् ।
- वैदेशिक रोजगारीको सिलसिलामा ज्यान गुमाउनु भएका ३ जना व्यक्तिहरूका परिवारलाई वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने कल्याणकारी सेवा अन्तर्गत करिब ७५ लाख रुपैयाँ आर्थिक सहयोग प्राप्तिका लागि सहजीकरण भएको छ ।

- वैदेशिक रोजगारीको सिलसिलामा ज्यान गुमाउनु भएका २ जना व्यक्तिहरूका सन्ततिलाई वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने छात्रवृत्ति सेवा अन्तर्गत जनही १२ हजार रुपैयाँ आर्थिक सहयोगका लागि सहजीकरण भएको छ ।
- कन्सुलर सेवा विभाग मार्फत वैदेशिक रोजगारीको सिलसिलामा समस्यामा परेका ५ जना व्यक्तिहरूको उद्धारका लागि सहजीकरण भएको छ ।
- रोजगार सेवा केन्द्रबाट आन्तरिक रोजगारीका साथै वैदेशिक रोजगारसँग सम्बन्धित सेवाहरू, वैदेशिक रोजगार बोर्ड र कन्सुलर सेवा विभागबाट प्रदान गरिने सेवाहरू एवं मनोसामाजिक परामर्श लगायतका कार्यहरूका लागि सहजीकरण भइरहेको छ ।
- ४६९ जना (१६३ पुरुष र ३०६ महिला) व्यक्तिहरूलाई समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारीका लागि गहन अभिमुखीकरण मार्फत सूचना तथा परामर्श प्रदान गरिएको छ ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

- युनिसेफ नेपालको आर्थिक सहयोगमा यस नगरपालिकामा विपद्जन्य घटनाहरूको न्यूनीकरणका लागि कृत्रिम अभ्यास कार्यक्रम केही विद्यालय र समुदाय स्तरमा सम्पन्न गरिएको छ ।
- प्राकृतिक तथा गैर-प्राकृतिक विपद्बाट भएको क्षतिलाई मध्यनजर गर्दै विपद् प्रभावित व्यक्तिहरूलाई आधारभूत आवश्यकता परिपूर्तिका लागि राहत वितरण गरिएको छ ।
- सरकारी तथा गैरसरकारी संघ-संस्थासँग समन्वय र सहकार्य गरेर खोज तथा उद्धारका सामग्रीहरूको व्यवस्थापन गरिएको छ ।
- फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने उद्देश्यले समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।
- गृह मन्त्रालयको मापदण्ड अनुसार वडा नं. १२ र ४ का स्वयम्सेवकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरी स्वयम्सेवक टोली गठन भएको छ ।
- युनिसेफ नेपालको आर्थिक सहयोगमा गोदावरी नगरपालिकाको 'स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना' तयार गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।

(ङ) संस्थागत सुशासनतर्फ

- न्यायिक समितिको अधिकार क्षेत्रभित्र रहेका विवादहरूमा आ.व. २०८२/८३ मा जम्मा २१ वटा उजुरी दर्ता भएकोमा नियमानुसार मेलमिलाप तथा फछ्र्यौट भएका विवादको संख्या १८ रहेको छ भने बाँकी ३ वटा विवादहरू प्रक्रियामा रहेका छन् । साथै सबै तहका अदालतबाट मेलमिलापका लागि प्राप्त मुद्दाहरूमा पनि आवश्यक सहजीकरण भइरहेको छ । जिल्ला अदालतबाट प्रत्येक आ.व. मा निरन्तर रूपमा हुने गरेको अनुगमन तथा निरीक्षणको क्रममा प्राप्त सल्लाह, सुझाव तथा निर्देशन अनुसार न्यायिक समितिका काम-कारबाहीहरूमा सुधार गरी सम्पन्न गर्ने गरिएको छ ।
- स्थानीय तहको एकल र साझा अधिकार अन्तर्गत नगरपालिकालाई आवश्यक नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड लगायतका कानुनहरू तर्जुमा गर्ने र समयसापेक्ष नियमानुसार संशोधन समेत भई कार्यान्वयनको अवस्थामा रहेका छन् ।
- नगर सरकारलाई व्यवस्थित र कानुनी रूपमा सञ्चालन गर्न हालसम्म ३८ वटा ऐन, ५३ वटा कार्यविधि, १० वटा निर्देशिका र १४ वटा अन्य (नीति, मापदण्ड) गरी जम्मा ११५ वटा कानुनहरू जारी गरी सोही बमोजिम नगरपालिकाको कार्य सञ्चालन र व्यवस्थापन भएको छ भने आवश्यक पर्ने अन्य कानुनहरू निर्माण भई स्वीकृतिको प्रक्रियामा रहेका छन् ।
- गोदावरी नगरपालिकामा विद्युतीय प्रणाली मार्फत सेवाहरू प्रवाह गर्न विभिन्न सफ्टवेयरहरू (जस्तै: सुत्र, पाम्स, HMIS, EMIS, PIMS, विपद् पोर्टल, eBPS आदि) पूर्ण रूपमा प्रयोगमा ल्याइएका छन् ।

यस गरिमामय नगरसभाका सदस्यज्यूहरु,

अब म आ.व. २०८३/८४ को बजेटका प्राथमिकताहरू उल्लेख गर्न चाहन्छु:

क) वातावरण अनुकूलन एवं दिगो पूर्वाधार विकास,

ख) स्वास्थ्य तथा शिक्षाको गुणस्तर अभिवृद्धि,

ग) कृषिमा आधुनिकीकरण, बजारीकरण र व्यावसायिक पशुपालनमा जोड,

घ) उद्यमशीलता विकास मार्फत मर्यादित रोजगारीमा अभिवृद्धि,

ङ) विपद् जोखिम न्यूनीकरण र वातावरण संरक्षण,

च) संस्थागत क्षमता विकास, सेवा प्रवाहमा प्रभावकारिता, सुशासनको प्रत्याभूति र पारदर्शिता,

छ) स्वच्छ खानेपानी तथा सरसफाइ,

ज) लैङ्गिक समानता र सामाजिक समावेशीकरण,

झ) ऐतिहासिक एवं धार्मिक संस्कृतिको संरक्षण र प्रवर्द्धन आदि ।

यस गरिमामय नगरसभाका सभाध्यक्षज्यू,

अब म यस सम्मानित नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/८४ को स्वीकृत नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि बजेटको बाँडफाँट र स्रोत व्यवस्थापनको अनुमान यस सभामा पेस गर्ने अनुमति चाहन्छु ।

गोदावरी नगरपालिकाको आगामी आ.व. २०८३/८४ का लागि देहाय बमोजिम आय प्राप्त हुने अनुमान गरेको छु:

- संघीय सरकारबाट वित्तीय समानीकरण: रु. २० करोड १० लाख
- संघीय सरकारबाट राजस्व बाँडफाँट: रु. २६ करोड २४ लाख
- समपूरक अनुदान (संघीय सरकार): रु. १ करोड ८३ लाख
- विशेष अनुदान (संघीय सरकार): रु. १ करोड ५ लाख
- ससर्त अनुदान (संघीय सरकार): रु. ४३ करोड ८९ लाख
- वित्तीय समानीकरण (प्रदेश सरकार): रु. १ करोड ९१ लाख २२ हजार
- राजस्व बाँडफाँट (प्रदेश सरकार): रु. ५९ लाख ९६ हजार
- समपूरक अनुदान (प्रदेश सरकार): रु. ३० लाख ९२ हजार
- ससर्त अनुदान (प्रदेश सरकार): रु. १२ करोड ११ लाख
- आन्तरिक आय: रु. १६ करोड ४१ लाख ५६ हजार २ सय
- बैंक मौज्दात: रु. ५ करोड ६० लाख १५ हजार ८ सय

जम्मा आय अनुमान: रु. १ अर्ब ३० करोड ५ लाख ८२ हजार मात्र

यसै गरी, यस नगरपालिकाको आगामी आ.व. २०८३/८४ का लागि चालु र पूँजीगत गरी विषयगत क्षेत्र अनुसार देहाय बमोजिम व्यय अनुमान प्रस्तुत गरेको छु:

- पूर्वाधार विकासतर्फ: रु. ४१ करोड ९४ लाख ७७ हजार
- आर्थिक विकासतर्फ: रु. २ करोड ३६ लाख
- सामाजिक विकासतर्फ: रु. १४ करोड ६५ लाख ५ हजार
- वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ: रु. ६५ लाख
- सुशासन तथा संस्थागत विकासतर्फ: रु. ६८ लाख

- कार्यसञ्चालन तथा प्रशासनिक खर्चतर्फ: रु. ६९ करोड ७७ लाख

जम्मा व्यय अनुमान: रु. १ अर्ब ३० करोड ५ लाख ८२ हजार मात्र

कुल बजेटको चालुतर्फ ६७.४ प्रतिशत र पूँजीगततर्फ ३२.६ प्रतिशत बजेट विनियोजन गरेको छु।

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक-सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार आउने, राजस्व संकलनमा केही वृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु।

अन्त्यमा,

यो बजेट निर्माण प्रक्रियामा महत्त्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरू, राजस्व परामर्श समितिका सदस्यज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, लेखा समितिका सदस्यज्यूहरू, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू लगायत अमूल्य सल्लाह सुझाव दिनुहुने सरोकारवाला निकाय, समाजसेवी, बुद्धिजीवी सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः २०८३।०३।१० गते,

गोदावरी नगरपालिका, अत्तरिया, कैलाली ।

शारदा देवी रोकाया

नगर उप-प्रमुख